# रूपा गाउँपालिका

Rupa Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Village Executive Office
रुपाकोट ,कास्की
Rupakot ,Kaski
गण्डकी प्रदेश नेपाल(Gandaki Province Nepal)

मिति( Date ): २०७६/११/०१

## प्रेस विज्ञप्ति

संबैधानिक ब्यबस्था अनुसार घर गाउँको सरकारको रुपमा स्थापित स्थानीय तहका अधिकारलाई हामीले एक अबसरको रुपमा लिएका छौं । स्थानीय विकास र नागरिकका सरोकारका बिषय हाम्रो काँधले आफैं उठाउन पाउँदा हामिले गर्व महशुस गरेका छौं । रुपा गाउँपालिका गण्डकी प्रदेश केन्द्र जिल्ला कास्की भित्रको सानो, सुन्दर,रमणीय एवं विकासको सम्भावना भएको ठाउँ जहा संभावना लाइ उजागर नभएको एक विशिष्ट विशेषता युक्त गाउँपालिका भएको यहाँहरुलाई विदितै छ । संबैधानिक रुपमा हामिलाई दिएको अधिकार सूचि, प्रदेश र केन्द्र सरकारको समन्वयमा हुने साझा अधिकार सूचिले निर्दिष्ट काम, कर्तव्य र अधिकारको पूर्ण परिपालन गर्दे हाम्रो गाउँपालिकाले बनाएका ऐन कानुन तथा नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको दिगो विकासका लक्ष्यहरु प्रति ध्यान दिँदै, **"रुपाको पहिचान, सबै क्षेत्रमा समृद्धिको अभियान"** भन्ने नाराका साथ पर्यटन विकास, खानेपानी, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सडक, सिँचाई, कृषि, पशुपालन र रोजगारी लगायतका क्षेत्रहरुमा उल्लेख्य कार्यहरु भएका छन् ।

युवा तथा खेलकुदको विकासको लागि पनि हरेक वडामा खेलकुद मैदान निमार्ण कार्य संचालनमा रहेका छन् । गाउँपालिका स्तरिय कवर्डहल, प्याराफिट सहितको स्टेडिएम निर्माण कार्य पनि प्रदेश र केन्द्रीय सरकारसंग समन्वय गरि निर्माण कार्य भै रहेको छ । युवाहरुलाई खेलकुदको माध्ययमद्धारा उनिहरुको शारीरिक, मानसिक, संवेगात्मक र व्यक्तित्व विकास गर्ने उद्येश्यले “युवाहरुलाई खेलकुदतर्फ आकर्षित गरौ, स्वस्थ्य र समुन्नत समाजको निर्माण गरौं” भन्ने मुल उद्घोषका साथ स्थानीय तह स्थापना दिवसको अबसरमा गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहहरुवीच प्रथम अध्यक्ष कप २०७५ खुल्ला भलिवल प्रतियोगिता तथा रुपा गाउँपालिका स्तरिया झाँकी प्रदर्शन प्रतियोगिता हामिले सम्पन्न गरिसकेको कुरा यहाँहरु सबैलाई सर्बविदितै छ । गत वर्षको जस्तै यस वर्ष पनि हामिले मिति २०७६/११/२४ गतेदेखि संचालन हुने गरि अध्यक्ष कप २०७६ खुल्ला भलिबल प्रतियोगिता आयोजना गर्ने घोषणा गरेका छौं । जसका लागी प्रथम पुरस्कार नगद रु.एकलाख बिस हजार सहित द्धितिय, तृतिय, सान्त्वना र विभिन्न विधाहरुमा पुरस्कारहरु राखिएको छ । सो कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहहरुले सहभागिता

गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परालाई जगेर्ना र संरक्षण गर्ने उद्येश्यले गत बर्षको झैं यस वर्ष पनि हामिले रुपा गाउपालिका स्तरिय झाँकी प्रदर्शन प्रतियोगिताको आयोजना गरिएको छ । जस अन्तर्गत प्रथम पुरस्कार रु. चालिस हजार सहित द्धितिय, तृतिय र सान्त्वना विधामा पुरस्कारहरु राखिएको छ । साथै यस बर्ष हामिले मौलिक कला र संस्कृतिलाई प्रोत्साहन गर्ने उद्येश्यले **Rupa Dance Idol 2076** समेत आयोजना गर्ने घोषणा गर्दछौं । जसअन्तर्गत प्रथम पुरस्कार नगद रु. तिस हजार सहित द्धितिय, तृतिय र सान्त्वना लगायतका विधाहरुमा पुरस्कारहरु राखिएको छ । **Rupa Dance Idol 2076** को अडिसन राउण्ड २०७६/११/०१ देखि संचालन हुनेछ। उक्त कार्यक्रमको मिति २०७६ फाल्गुण २४ गते उद्घाटन हुनेछ। कार्यक्रमको समापन मिति २०७६ फाल्गुण २७ गते भब्य कार्यक्रमा साथ सम्पन्न गरिने छ। कार्यक्रमको समापनको दिन विशेष गरि ख्यातिप्राप्त राष्ट्रिय तथा स्थानीय कलाकारहरुको बेजोड सांस्कृतिक प्रस्तुतिहरु रहनेछ। उक्त दिन **Rupa Dance Idol 2076** को **Grand Final** पनि हुनेछ भने गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परलाई जगेर्ना र संरक्षण गर्ने उद्येश्यका साथ हरेक वडा बाट क्रमश : वडा नं. १ बाट बोटे जाति अनिवार्य सहभागी हुने गरि जम्मा ५ समुह, वडा नं.२ बाट दलित अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं. ३ अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं.४ बाट ठकुरी अनिवार्य सहभागी हुने गरि ४ समुह, वडा नं. ५ बाट गुरुङ्ग र नेवार अनिवार्य सहभागी हुने गरि ५ समुह, वडा नं.६ बाट मुस्लीम अनिवार्य सहभागी हुने गरि ६ समुह र वडा नं. ७ बाट नेवार अनिवार्य सहभागी हुने ५ टिम सहित बृहत रुपा गाउँपालिका स्तरिय झाँकी प्रदर्शन प्रतियोगिता संचालन हुनेछ । प्रतियोगिताका विजेता तथा उपबिजेताहरुलाई कार्यक्रमको समापनको दिन पुरस्कार वितरण गरिने छ। साथै यो ४ दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि विभिन्न समिति तथा उपसमितिहरु बनाई कार्य विभाजन गरिएको छ।

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

२०७६/११/०१

नबराज ओझा

अध्यक्ष

नवराज ओझा
अध्यक्ष

# पुरस्कारका विवरणहरु :-

**भलिबल तर्फ :-**

१) प्रथम पुरस्कार :- रु. १,२०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

२) द्धितिय पुरस्कार :- रु. ९०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

३) तृतिय पुरस्कार :- रु. ६०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

४) सान्त्वना पुरस्कार :- रु. ३०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

**उत्कृष्ट खेल प्रदर्शन अन्तर्गत**

१) बेस्ट स्पाइकर :- रु. ३०००।-

२) बेस्ट सर्भर :- रु.३०००।-

३) बेस्ट ब्लकर :- रु. ३०००।-

४) बेस्ट सेटर :- रु. ३०००।-

५) बेस्ट लिब्रो :- रु. ३०००।-

६) बेस्ट प्लेयर :- रु. ५०००।- साथै १ थान ट्रयाक सुट सेट

७) अनुशाशित टिम :- मायाको चिनो

**नियमहरु :-**

१) टिम दर्ता मिति २०७६/११/०१ देखि २० गते सम्म गरिसक्नु पर्नेछ।

२) आयोजकले तोकेको समयमा खेलाडीहरु उपस्थित भै सक्नुपर्नेछ। अन्यथा विपक्षी टिमलाई स्वत : विजयी घोषणा गरिनेछ।

३) खेलाडीहरुले खेलाडी दर्ता फारममा फोटो टाँस गरि सम्बन्धीत निकायले प्रमाणित गरेको फारम बुझाउनु पर्नेछ।

४) खेल तथा नेपाल एफ आई भि.बि तथा भलिबल संघको नियमानुसार खेलाईने छ।

५) खेल नक आउटका आधारमा खेलाइने छ।

६) खेलमा उजुरी (पोटास) दिनुपरेमा रु.५०००।- शुल्क लाग्नेछ।

७) खेलाडी संख्या टिम मेनेजर, टिम कोच सहित जम्मा १२ जना सम्म हुनेछ।

८) खेलमा कुनै विवाद आएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ।

९) एक खेल जिते पछि खान बस्नको ब्यबस्था रुपा गाउँपालिकाले गर्ने छ।

**Rupa Dance Idol तर्फ**

१) प्रथम पुरस्कार :- रु. ३०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

२) द्धितिय पुरस्कार :- रु. २०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

३) तृतिय पुरस्कार :- रु. १०,०००।- ट्रफि मेडल र प्रमाणपत्र

४) उत्कृष्ट पुरस्कार :- रु. ५,०००।- ट्रफि मेडल र प्रमाणपत्र

**नियमहरु :-**

१) सहभागि रुपा गाउँपालिका भित्रको बासिन्दा हुनपर्नेछ । आबश्यक परेको खण्डमा सहभागीले गाउँपालिकाको बासिन्दा जनिने प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२) नेपाली भाषाको गितमा नृत्य गर्नुपर्नेछ ।

३) सहभागिहरुले नृत्यको पोशाक स्वयंम् आफैंले व्यबस्था गर्नुपर्नेछ ।

४) नृत्य गर्दा गित ३ देखि ५ मिनेटको हुनुपर्नेछ ।

५) सहभागीले आफुले नृत्य गर्ने गित स्वयंम् आफैंले उपलब्ध गराउनु पर्नेछ ।

६) निर्णायकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**अडिसन हुने मिति, स्थान र समय :-**

१) २०७६/११/०१ - शिवालय मा.वि. रुपा २ थुम्की

२) २०७६/११/०२ - विश्वशान्ती मा.वि. रुपा ५ देउराली

३) २०७६/११/०३ - चन्द्रप्रभा मा.वि. रुपा ६ भिर्चोक

**झाँकी तर्फ :-**

१) प्रथम पुरस्कार :- रु. ४०,०००।-

२) द्धितिय पुरस्कार :- रु. ३०,०००।-

३) तृतिय पुरस्कार :- रु.२०,०००।-

**नियमहरु :-**

१) प्रत्येक झाँकी समुहमा कम्तिमा ३० जना सदस्यहरु हुनुपर्नेछ । सदस्य संख्या पुरा भई समाबेश भएमा प्रत्येक समुहलाई रु. ५०००।- सहभागीताको पुरस्कार उपलब्ध गराइने छ ।

२) प्रत्येक समुहमा ३० जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ ।

**यो ४ दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि तपशिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरु रहने छन् ।**

**१) खेलकुद मूल समिति :-**

| | |
|---|---|
| नारायण गुरुङ्ग | संयोजक |
| दिपक कुमार आले | सदस्य |
| हिता कुमारी रुपाखेती | सदस्य |
| रामजी अधिकारी | सदस्य |
| मुकुन्द बहादुर बंशी | सदस्य |

| | |
|---|---|
| टेक बहादुर गुरुङ्ग | सदस्य |
| दया सागर सुबेदी | सदस्य |
| अशोक परियार | सदस्य सचिब |

**२) खेलकुद संचालन उप-समिति :-**

| | |
|---|---|
| टेक बहादुर गुरुङ्ग | संयोजक |
| दामोदर घिमिरे | सदस्य |
| मोती कुमार श्रेष्ठ | सदस्य |
| राम बहादुर गोदार | सदस्य |
| मेलीना नेपाली | सदस्य |
| रविन्द्र बंशी | सदस्य |

**३) झाँकी परिचालन तथा व्यबस्थापन**

| | |
|---|---|
| दिपक कुमार आले | संयोजक |
| सरिता सुनार | सदस्य |
| राधा बासौला | सदस्य |

**४) मञ्च व्यबस्थापन**

| | |
|---|---|
| रामजी अधिकारी | संयोजक |
| क्या. हर्क ब. गुरुङ्ग | सदस्य |
| बिजया राना | सदस्य |
| गणेश कुमार श्रेष्ठ | सदस्य |

**५) अतिथि सत्कार तथा स्वागत**

| | |
|---|---|
| हिता रुपाखेती | संयोजक |
| मेलिना नेपाली | सदस्य |
| सपना सुबेदी | सदस्य |
| बुद्धिमाया गुरुङ्ग | सदस्य |
| सरिता सुनार | सदस्य |

**६) रुपा डान्स आइडल परिचालन :-**

| | |
|---|---|
| दया सागर सुबेदी | संयोजक |
| कृष्ण बहादुर वि.क. | सदस्य |
| बम बहादुर भुजेल | सदस्य |
| सरस्वती श्रेष्ठ | सदस्य |

आइती माया वि.क.		सदस्य

**७) खाजा व्यबस्थापन :-**

| | |
|---|---|
| मुकुन्द बहादुर बशी | संयोजक |
| भगवती शाही | सदस्य |
| मधुमाया शाही | सदस्य |
| बद्री ओझा | सदस्य |

**८) स्वयंम् सेवक परिचालन**

| | | | |
|---|---|---|---|
| राजन खनाल | संयोजक | | |
| नन्दलाल ओझा | सदस्य | | |
| सकुरदिन मिया | सदस्य | | |
| रामजी पौडेल | सदस्य | | |
| अनिता राना | सदस्य | अरुणा वि.क. | सदस्य |

लिखितम भरपाई दादै यस रुपा गाउँपालिकाले स्थानीय तह स्थापना दिवसका अवसरमा आयोजना गर्ने विविध कार्यक्रमहरुमध्ये रुपा डान्स आईडल २०७६ सम्पन्न गराउनका लागि सम्झौता अनुसार तोकिएको रकम मध्येरु१५०००। अक्षरुपी पन्ध्र हजार रुपैया पेश्की स्वरुप रुपा गाउँपालिकाका कर्मचारी श्री रुद्र वहादुर थापावाट उक्त रुपा डान्स आईडललाई सपोर्ट गर्ने तुल्सी मिडियाका प्रोपाईटर श्री उपेन्द्र गुरुङले बुझिलिई यो भरपाई गरिदिएं ।

ईति सम्बत् २०७६ साल फागुन महिनाको ०१ गते रोज ५ शुभम् ।